# प्रसौनी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

प्रसौनी, बारा

मधेश प्रदेश, नेपाल

### सटर (कोठा) भाडामा दिने सम्बन्धी बोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मितिः २०८३।०२।१२ गते)

प्रसौनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्रसौनी बाराको आ.व. २०८२/०८३ को असार महिना देखि यस पालिकाको क्षेत्राधिकार भित्र पर्ने प्रसौनी गाउँपालिका वडा नं. ६ भलुही चौक स्थित रहेको सटर भएको कोठाहरु मासिक भाडामा दिन आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्न यस पालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी प्रति सटर कोठाको छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी तोकिएको म्याद भित्र बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल:</u>

| सि.नं. | आय ठेक्का नं. | किसिम | न्यूनतम मासिक ठेक्का मुल्य (बहाल कर बाहेक) | बोलपत्र खरिद दस्तुर (पछि फिर्ता नहुने) |
|---|---|---|---|---|
| १. | PRM/RV/03/082/083 | सटर (कोठा) भाडामा दिने | रु. ३,५००।– | रु. १,०००।– |

<u>शर्तहरु:</u>

१. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०८४ असार मसान्त सम्म हुनेछ। प्रति सटर (कोठा) को छुट्टाछुट्टै कोठा नम्बर उल्लेख भएको बोलपत्र फाराम खरिद गर्नु पर्नेछ। कोठा नं. ४, ६ र ९ देखि १२ सम्मको कोठा नम्बर उल्लेख गरिएको हुँदा बोलपत्रदाताले बोलपत्र खरिद गर्न अगावै आफूलाई मनपर्ने कोठाको स्थलगत निरीक्षण गरी मात्र बोलपत्र फाराम खरिद गर्नु पर्नेछ।

२. बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

३. सिलबन्दी बोलपत्र फारम १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गर्न सकिनेछ। दर्ता भएकै दिन दिनको ०२:०० बजेपछि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ।

४. बोलपत्र खरिद र दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमशः सोको भोलीपल्ट हुनेछ।

५. बोलपत्रदाताले एकमुष्ट रु. ५०,०००।– (अक्षरेपी रु. पचास हजार मात्र) धरौटीको रुपमा यस गाउँपालिकाको हिमालयन बैंक लिमिटेड शाखा कार्यालय प्रसौनीको (GA - 3.1 DHARAUTI KHATA PRASAUNI) खाता नम्बर 12007682940018 मा जम्मा गरेको सक्कल भौचर बोलपत्र फाराम संग संलग्न गर्नु पर्नेछ।

६. बोलपत्र खोलिने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।

७. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८. बोलपत्र खरिद गर्न इच्छुक व्यवसायी, फर्म तथा कम्पनीहरुले प्यान दर्ता प्रमाण-पत्रको प्रतिलिपि, आ.व. २०८२/०८३ सम्मको फर्म नविकरण, आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।

९. ठेक्का स्वीकृत भएको सूचनाको ७ (सात) दिनभित्र ठेक्का सम्झौता गर्न नआएको अवस्थामा धरौटी रकम जफत गरी दोस्रो स्थानमा रहेको ठेक्केदारको ठेक्का स्वीकृत गर्ने वा पुनः बोलपत्र आव्हान गर्ने सम्बन्धी सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ।

१०. बन्द, हडताल लगायत जस्ता कुनै पनि कारणबाट ठेकेदारलाई क्षतिपुरन गएमा ठेकेदार स्वाम्ले जिम्मेवार हुनुपर्ने र त्यस वापत यस कार्यालयबाट कुनै क्षतिपूर्ती तथा मिनाहा दिईने छैन।

११. कोठा भाडामा दिने सम्झौता भएको अवधि देखि कोठाको आकृति नबिगारिने गरी कोठा भाडामा लिएको पक्षले उपभोग गर्नु पर्नेछ। कोठामा प्रयोग हुने बिजुली, पानीको खपत परिमाण अनुसारको रकम र सरकारलाई बुझाउनु पर्ने करहरु कोठा भाडामा लिएको पक्षले तिर्नु पर्नेछ।

१२. आय ठेक्काका अवधि थप गर्नु परेमा दुवै पक्षको सहमतिमा सम्झौता गरी अवधि थप गर्न सकिनेछ। बोलपत्रदातासंग आय ठेक्का सम्झौता भएको रकममा प्रत्येक २/२ वर्षमा १०% (दस प्रतिशत) थप गरी मात्र सम्झौता गरिनेछ।

१३. यस सुचनामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ। ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा यस कार्यालयको निर्णय बमोजिम हुनेछ।

नविन कुमार श्रीवास्तव

प्रमुख प्रशासकीय अधिकृत